# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं फाल्गुन ६ गते २०१४ साल [संख्या ४४

### अर्थ (आय) सचिवालयको सूचना

२०१४ ज्येष्ठ २१ गतेको प्रकाशित भाग ४, खण्ड ७, संख्या ८ को गजेट-बमोजिम गर्नुपर्ने सो नगरी कुनै बिर्ताबारले रकमको आमदानी मालमा धरौटी नराखेको भए बिर्ताबार तथा रकमको ठेकदारसमेत जबाफदेही हुने हुँदा बिर्ता मालले ठेक्काको किरता इत्यादि असूल गरिलिएको जति तुरुन्त इलाका मालमा धरौटी राख्नु, ठेकदारले पनि आफ्ना पट्टा कबुलियतबमोजिम बुझाउनुपर्ने बुझाइनसकेको किस्ता इत्यादि पट्टाको नक्कलसाथ राखी जिल्ला मालमा धरौटी दाखिल गन गर्नू सो नगरेमा नगर्ने बिर्ता माल बिर्ताबार तथा ठेकदारसमेतलाई बीगो उपर गरी निकाशा भएबमोजिमको सजायसमेत हुनेछ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी-अर्थ सचिवालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अर्थ (आय) सचिवालयको विज्ञप्ति

## भन्सार सुविधा र महसूल सुविधाको नियम.

भन्सार सुविधा विषय अघि भैरहेको नियम, सनद, सवाल, आदेश इत्यादि खारेज गरा आइन्दा निम्नलेखितबमोजिमको नियम जारी गर्ने गरी सरकारबाट निर्णय भएकोले यो विज्ञप्ति जारी गरिएको छ। सम्बन्धित सबै अड्डाले सोहीबमोजिम गर्नु गराउनुहोला।

(क) भन्सार सुविधा :— निकाशी पैठारी गर्दा वा यात्रुले आफ्ना साथमा वा अघिपछि ल्याएका वा मगाएका निजी गुद्दा भिट्टी भारी माल सामानमा सरकारी दस्तुर वा महसूल नबुझाई खोल जाँचसमेत नगराई प्रज्ञापनपत्रका भरमा आयात निर्यात गर्न पाउने सहुलियतलाई भंसार सुविधा भन्ने, र निम्नलिखितहरूले भन्सार सुविधा पाउने।

(१) (i) श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज र मौसूफका परिवार।

(ii) श्री ५ माहिला अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाहदेव र श्री ५ कान्छा अधिराजकुमार धीरेन्द्रवीरविक्रम शाहदेवका हकमा श्री ५ महाराजाधिराजका प्रमुख स्वकीय सचिवले लेखी पठाएका वखतदेखि सुविधा पाउने।

(iii) श्री ५ मुमा बडामहारानीहरू।

(iv) श्री ५ माहिला अधिराजकुमार हिमालयवीरविक्रम शाहदेव र श्री ५ कान्छा अधिराजकुमार बसुन्धरावीरविक्रम शाहदेव र मौसूफको परिवारहरू।

यिनमा मौसूफहरूका अधिकार प्राप्त सेक्रेटरीले प्रज्ञापनमा भर्नु पर्नेछ।

[२] विदेशी राजदूत र निजका परिवार।

[३] दूतावासका तृतीय सेक्रेटरी र अ. अटासेका ओहदा सम्मका अफिसर र निजका परिवार।

[४] नेपालका लागी नियुक्त राजदूतसमेत अरू भंसार सुविधा वा महसूल सुविधा पाउने सबै व्यक्तिहरूको हकमा माल सामान साथमा नल्याएका वा पछि झिकाएकामा सो माल सामान निजी व्यवहारको लागि हो भन्ने दूतावास वा मिशनका सर्वोच्च अधिकारीको वा निजद्वारा अधिकृत अफिसरको प्रमाणपत्रको आवश्यकता हुनेछ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५८८

[५] माथि उल्लिखितहरूलाई स्थायी भंसार सुविधा दिने। तीबाहेकका अन्य विशिष्ट व्यक्तिहरूका हकमा निजहरूको पास पोर्ट मा नेपाल सरकारको डिप्लोमेटिक भिसा भएमा मात्र सो हेरी भन्सारहरूले भंसार सुविधा प्रदान गरी जाहेर गर्ने।

[६] पासपोर्ट बिना नेपाल आउन सक्ने विशिष्ट व्यक्तिका हकमा पर-राष्ट्र सचिवालयले सिफारिस गरेकोमा मात्र कष्टम्स कमिश्नरले पटके तवरले भंसार सुविधाको अडर दिन पाउने।

[७] युनाइटेड नेशन्स तथा यसका स्पेसलाइज्ड एजेन्सी आदिका नेपालमा बसी काम गर्ने अफिसर तथा विशेषज्ञहरूलाई निजहरू पहिला पटक नेपाल आउदा र फर्की जाँदा निजी व्यवहारको लागि साथमा ल्याएका मालसामानमा भंसार सुविधा दिने र अघिपछि ल्याएका हकमा मिशनका मुख्य अधिकारीले सर्टिफाइ गरेकोमा भन्सार सुविधा हुने।

(ख) महसूल सुविधाः- यात्रुले आफना साथमा ल्याएका वा अघिपछि ल्याएका वा मगाएका निजी व्यवहार गुन्टा मिटी भारी माल समानहरू खोली जाँच गरी लगतसम्म राखी दरबन्दीबमोजिम लागनेमहसूल नलिई आयात निर्यात गर्न पाउने सहुलियतलाई महसूल सुविधा भन्ने र निम्नलिखित-हरूले सो महसूल सुविधा पाउने—

[१] बिदेशी राष्ट्रहरूमा खटिई जाने नेपाली राजदूतलगायत तृतीय सेक्रे-टरी र अ. अटासे आइदासम्मकाले निजले आफनो कायभार सम्हाल्न जाने बेलामा र सरुवा भै आउँदा मात्र महसूल सुविधा पाउनेछन्। यसमा माल सामान साथ नआएमा सो माल सामान निजी व्यव-हारको हो भन्ने परराष्ट्र-सेक्रेटरीको सर्टिफिकेट आवश्यक हुनेछ।

[२] युनाइटेड स्टेटस अपरेशन मिशन, इण्डियन एड मिशन, फोर्ड फाउ-न्डेशन र यस्तै नेपाल सरकारलाई सहायता दिई आउने बिदेशी मिशा-नका अफिसरहरूलाई हाम्रो सरकारसँग भएका एग्रीमेन्ट भएकोमा एग्रीमेन्टबमोजिम गर्ने र सोबाहेक अरूलाई महसूल सुविधासम्म दिने।

[३] नेपालसँग दौत्य सम्बन्ध भएका राष्ट्रको राजदूतावासको निम्न स्तरका कर्मचारीहरू पहिला पटक आउदा र अन्तिम पटक फर्का जाँदा निजी व्यवहारका पुराना माल सामानहरूमा महसूल सुविधा दिने, त्यस्ता मालहरू निजी हुन् भन्ने उपरोक्त दफा क (४) बमोजिम प्रमाणित हुनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नेपाल सरकारका बहालवाला मन्त्रीहरूले बहाल छउन्ज्याल महसूल सुविधा पाई आएबमोजिमको सुविधा कायम राखिदिने।

(ग) (१) मनाही माल का हकमा भंसार वा महसूल सुविधा पाएकाहरूले निजी व्यवहारको लागी मात्र परिमाण खोली सरकारको अनुमति ली ल्याउन पाउने, तर दफा क (१) मा उल्लेख गरिएको शाही परिवारका निमित्त ल्याए झिकाएको र नेपालका लागि नियुक्त गरिएका दूतावासका भन्सार सुविधा पाउनेहरूले निजी व्यवहारका लागि ल्याए झिकाएका मनाही माल भए पनि सरकारको अनुमति लीरहनुपर्दैन।

(२) भंसार सुविधा पाउनेहरूले पनि प्रज्ञापनपत्र भर्नुपर्छ।

(३) भंसार सुविधा पाउनेहरूको साथमा आएका वा साथमा नआएका माल शंका लागेमा खोल्न सकिनेछ।

(४) भंसार सुविधा वा महसुल सुविधा नपाएका व्यक्तिहरुका नाममा आएको माल भंसार वा महसुल सुविधा पाउने व्यक्तिको हो भनेमा र सुविधा पाउनेले सरकारमा विदेशी कूटनैतिक अफिसर भए मिशनका सर्वोच्च पदाधिकारीबाट र अरूले भए स्वयंले प्रमाणित गर्नुपर्दछ।

(घ) भंसार सुविधासम्बन्धी यी नियम लागू भएका मितिदेखि भंसार सुविधासम्बन्धी अघि भैरहेको नियम, सनद, सवाल, आदेश इत्यादि संशोधित वा खारेज भएको मानिनेछ। तर सरकारबाट भंसार सुविधा पाई ल्याएका वा साधरण दरबन्दीभन्दा घटी महसूल बुझाई पैठारी गरेको माल सामान भंसार वा महसूल सुविधा नपाएका संस्था वा व्यक्तिलाई बेच बिखन गर्न वा दान बकसीस दिनुपर्दा पूरा भंसार महसूल बुझाई मात्र दिनुपर्छ, नबुझाई बेचे दिएको ठहरे भंसार महसूल असूल गरह सजाय हुनेछ भन्नेबारेको ०१२।३।१३ को खण्ड ४, संख्या ४५ भाग २ को नेपाल गजेटमा प्रकाशित नियम कायम रहेको छ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—अर्थ (आय) मन्त्रालय.

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।